**२०७५ साल कार्तिक १८ गते आइतवार बसेको मन्त्रिपरिषद्को १९ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

२. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५, छापाखाना र प्रकाशन सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** पूर्वाधार विकास कार्यालयको पाल्पामा रहने भनिएको मुकाम गुल्मीमा रहने गरी परिवर्तन गर्न स्वीकृती प्रदान गर्ने।

६. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, औद्योगिक व्यवसायसम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं. ५ मा स्वास्थ्य संस्था स्थापना, संचालन, स्तरोन्नति तथा नविकरणसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

८. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ मा २०७५ सालमा प्रदेश स्तरमा देहाय बमोजिम थप सार्वजनिक एवम् पर्व विदा स्वीकृत गरी नेपाल सरकार, गृह मन्त्रालयलाई जानकारी दिने।

| क्र.सं. | चाडपर्व / उत्सवको नाम | विदा दिनुपर्ने मिति | विदा लागू हुने क्षेत्र |
|---|---|---|---|
| १ | गणतन्त्र दिवस (गणतन्त्र दिवसमा राष्ट्रिय स्तरमै विदा दिन उपयुक्त हुने) | जेष्ठ १५ | प्रदेश भर |
| २ | बकर ईद | तिथि अनुसार | प्रदेश भर |
| ३ | माघी र माघे संक्रान्ति | माघ १ | प्रदेश भर |
| ४ | प्रदेश स्थापना दिवस | फागुन ३ | प्रदेश भर |
| ५ | भूमे पूजा / बलबूजा | आषाढ १ | रोल्पा र पूर्वी रुकुम जिल्ला |

| | | | |
|---|---|---|---|
| ६ | बर्का अतवार (थारु अतवारी पर्व) | भाद्र शुक्ल पक्षको प्रथम आइतवार | दाङ, बाँके, बर्दिया जिल्ला |
| ७ | भगवती जात्रा | भाद्र कृष्ण नवमी | पाल्पा जिल्ला |